# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाघखोर, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

पत्र संख्या: २०८०/८१
चलानी नं.: १६२६

बागमती प्रदेश, नेपाल
मिति : २०८१/०२/२८

श्री वडा समिति,
वडा नं. १ – १३ (सबै)
बेलकोटगढी नगरपालिका, नुवाकोट।

**विषय : आगामी आ.व. २०८१/८२ का लागि बजेट सिलिङ तथा मार्गदर्शन पठाइएको बारे।**

आगामी आ.व. २०८१/८२ का लागि यस नगरपालिकाको नगरसभामा पेश गर्ने प्रयोजनका लागि श्रीमान् नगरप्रमुख ज्यूको अध्यक्षतामा मिति २०८१/०२/२५ गते बसेको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठकको निर्णयानुसार प्रत्येक वडा समितिलाई रकम रु – ५,००,०००/- (पांच लाख) सडक सरसफाई सहित कुल ५०,००,०००/- (पचास लाख) बजेटको वार्षिक बजेट सिमा पठाउने निर्णय भएको हुँदा तपशिलामा उल्लेखित मार्गदर्शनलाई ध्यान दिई तहाँ वडामा कार्यक्षेत्र रही काम गर्ने कानूनी संघसंस्था, राजनैतिक दलका प्रतिनिधिहरु, स्थानीय समाजसेवी, वुद्दिजिवी तथा अग्रजहरुको समेत राय लिई बस्ती तथा टोल स्तरबाट योजना छनौट तथा प्राथमिकिकरण गरि यहि मिति २०८१/०३/०१ गते भित्र softcopy सहित योजनाको विवरण नगरपालिकामा पठाउनुहुन अनुरोध छ।

**तपशिल :**

- योजना छनौट तथा प्राथमिकिकरण गर्दा "स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४" बमोजिम हुने गरी छनौट गर्नुहुनेछ।
- सहस्राब्दी विकास लक्ष्य, सोह्रौं आवधिक योजनाको लक्ष्य, नेपाल सरकार, बागमती प्रदेश सरकार र यस नगरपालिकाको नीति, लक्ष्य तथा सोच समेत विचार गरि स्थानीय स्रोतसाधन तथा जनशक्ति परिचालन हुने, छिटो प्रतिफल दिने र दिगो हुने प्रकृतिका आयोजना छनौट गर्नुहुनेछ।
- पूर्वाधारजन्य आयोजनाहरुमा रु ५,००,०००//- (पांच लाख) वा सो भन्दा माथिका आयोजना छनौट गर्ने र कुल आयोजना संख्या १० भन्दा कम राख्ने व्यवस्था गर्नुहुनेछ।
- योजना तथा कार्यक्रम छनौटमा सरोकारवालाहरूको पूर्ण सहभागिता भई प्राथमिकता प्राप्त तथा तुलनात्मक रूपमा बढी लाभग्राहीहरू लाभान्वित हुनेगरी योजना तथा कार्यक्रम छनौट गर्नुहुनेछ।
- योजना तथा कार्यक्रम छनौट गर्दा अन्तर तह सरकारका कार्यक्रमहरू; संघीय सरकारका कार्यक्रमहरू तथा प्रदेश सरकारका कार्यक्रमहरूसँग दोहोरोपना नहुने गरी छनौट गर्नुहुनेछ ।
- स्थानीय सरकार सञ्चलन ऐन, २०७४ को दफा ९७ बमोजिम नगरपालिका भित्रको सार्वजनिक सम्पत्ती संरक्षण, रेखदेख र मर्मत कार्यका लागि अविच्छिन्न बजेट व्यवस्थापनको प्रबन्ध मिलाउनु हुनेछ ।



Scanned with CamScanner

- वस्तुगत तथा श्रमगत लागतमा आधारित कार्यक्रमलाई प्राथमिकता दिनुहुनेछ । निर्मित सार्वजनिक संरचनाको अपनत्व र मर्मत संभारका कार्यक्रमलाई सम्बन्धित लाभग्राहीको समूहबाट रेखदेख तथा सञ्चालनको व्यवस्थापन मिलाउनुहुनेछ ।
- आगामी तिन आर्थिक वर्षहरूमा समेत प्राप्त हुने बजेट आँकलन गरी तुलनात्मक रूपका ठूला योजना कार्यक्रम छनौट तथा सिफारिस गर्नुहुनेछ ।
- बेलकोटगढी नगरपालिका भित्रका स्थानीय तथा रैथाने उत्पादनलाई व्यवसायिक उत्पादन बनाई राष्ट्रिय अर्थतन्त्रमा जोड्ने र समृद्ध बेलकोटगढी नगरपालिका बनाउने अभियानमा अर्थपूर्ण पहल गर्नुहुनेछ ।
- संघीय, प्रादेशिक तथा स्थानीय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी व्यवस्थापन मिलाउनुहुनेछ ।
- क्षेत्रगत कार्यक्रमहरू पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास, लक्षित समूह केन्द्रित कार्यक्रम (युवा, महिला, दलित, आर्थिक तथा सामाजिक रुपमा पिछडिएको, द्वन्द पिडित, एकल महिला, सिमान्तकृत, आदिवासी जनजाती लक्षित मुलप्रवाहीकरण कार्यक्रम), सुशासन तथा सेवा प्रवाहको कार्यक्रमबीच यथासम्भव तादम्यता मिलाउनुहुनेछ ।
- नगर कार्यपालिकाले एक भन्दा बढी वडाहरू समेटिने वडा साझेदारी योजनाको छनौट तथा कार्यान्वयनमा जोड दिइएको छ ।
- कानून बमोजिम योजना तथा कार्यक्रम छनौट गर्दा यस अघी कुनै तहको सरकार वा संगठित समूहबाट संवोधन नभएका क्षेत्रहरूको छनौट गरी विकासमा सवै नागरिकलाई जोड्ने कार्य गर्नुहुनेछ ।

२०८१/२/२८

(देवराज चौलागाई)
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner